जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १७३ २०८० साल माघ २६ गते शुक्रबार (9 Feb. 2024 Friday) मूल्य रु. ५/-

सामाजिक सञ्जालको प्रयोग गर्दा
सावधानी अपनाऔं,
सामाजिक मर्यादाको ख्याल गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : मन्त्रीहरूलाई प्रधानमन्त्रीको निर्देशन ;.. ३ पृष्ठमा : अरुको नागरिकतामा आफ्नो ... ३ पृष्ठमाहाम्रो सम्बन्ध रगतले...

# “झाडुको अभावमा राजविराजको सरसफाई कार्य ठप्प”



**– नगरपालिकाले झाडु दिइरहेको छैन् : वडा नं. ७ का अध्यक्ष सुभाषचन्द्र यादव**

**– वडाले झाडुको व्यवस्थापन गर्नु पर्ने हो : कार्यवाहक प्रमुख इसरत परविन**

**– कार्यालय संचालन खर्चबाटै झाडु किन्दा हुन्छ नि : प्रवक्ता जयनारायण मण्डल**

**– सरसफाई कार्य रोकेर पालिकालाई विवादमा ल्याउन खोजिएको हो : प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद गुरुङ**

**नवीनकुमार गुप्ता**
**राजविराज, २५ माघ ।**

राजविराज नगरपालिकाको सरसफाई कार्य विगत दुई दिनदेखी ठप्प भएको छ । नगरको मुख्य क्षेत्रमा कुनै सरसफाई भइरहेको छैन् ।

राजविराजको मुटु मानिने गजेन्द्र चौक, हटिया लाइन, अदालत रोड, प्रशासन रोड, कपडा लाइन, सिरहा रोड लगायतका क्षेत्रमा बुधबारदेखी सरसफाई नहुँदा बटुवाहरु नाक थुनेर आवत जावत गर्न बाध्य छन् ।

यता फोहर सडकमै थुप्रिएपछि नगर दुर्घन्धित बन्दै गएको छ । बटुवा मात्र नभएर सवारीसाधनहरु पनि त्यही फोहरको थुप्रोलाई कुल्चिएर गन्तव्यतर्फ गइरहेका छन् ।

दुई दिनदेखीको फोहर सडकमै थुप्रिएपछि स्थानीय आक्रोसित समेत बनेका छन् ।

यस सम्बन्धमा राजविराज नगरपालिका वडा नं. ७ का अध्यक्ष सुभाषचन्द्र यादवसँग प्रतिक्रिया लिँदा उनले भने, “पालिकाले सरसफाईका लागि झाडु दिइरहेको छैन्, झाडु उपलब्ध नहुदा सरसफाई गर्न सम्भव छैन् ।”

राजविराज नगरपालिकाका प्रवक्ता एवं वडा नं. ८ का अध्यक्ष जयनारायण मण्डलले भने, “मेरो वडामा सरसफाई भइरहेको छ, तर नगरको मुटु मानिने वडा नं. ७ मा सरसफाई नहुनु दुःखद कुरा हो, यसका लागि वडामा कार्यालय संचालन खर्च हुन्छ, त्यसबाट सरसफाईका सामाग्रि खरीद गर्दा हुन्छ नि ।”

राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद गुरुङले प्रत्येक वडालाई ११/११ लाखका दरले कार्यालय संचालनका लागि बजेट बिनियोजन गरेको जानकारी दिँदै सोही रकमबाट सरसफाईका सामाग्रि खरीद गर्न मिल्ने बताए । उनले प्रत्येक वडामा ३/४ लाखका दरले विविध शिर्षकमा थप बजेट रहँदा रहँदै पनि सरसफाईका लागि पालिकाकै मुख हेर्ने प्रवृती राम्रो नभएको गुनासो गरे ।

“अबदेखी सामाग्रि खरीद गर्न शिलबन्दी दरभाउ माग गर्ने र न्युनत्तम दरभाउ पेश गर्नेलाई ५ प्रतिशत रकम धरौटी माग गरेर सामानहरु खरीद गर्ने प्रक्रिया अघि बढाउन गइरहेका छौं ।, तर यसका लागि केही औपचारिकता बाकी रहेको छ ।” उनले भने, “बजारको जनप्रतिनिधिहरुले सरसफाई कार्य रोकेर पालिकालाई विवादमा ल्याउन खोजिएको हो ।”

प्रशासकीय अधिकृत गुरुङले अहिले स्वास्थ्य शाखाहरुमा समेत स्वास्थ्य सम्बन्धी सामाग्रिहरु पनि पुग्न सकेको छैन् ।

यसैबीच नगरपालिकाकी कार्यबाहक प्रमुख इसरत परविनले आफू जिल्ला बाहिर रहेको जानकारी दिँदै झाडु नभएकै कारण सरसफाई रोकिएकोप्रति असन्तुष्टि व्यक्त गरिन् । वडाले पनि झाडुको व्यवस्थापन गर्नु पर्ने उनको प्रतिक्रिया थियो । उनले भनिन्, “मैले तुरुन्त झाडुको प्रबन्ध मिलाएर सरसफाईका कार्य सूचारु गर्न सरसफाई इन्चार्जलाई निर्देशन समेत दिइसकेको छु । बिहीबार साँझदेखी नै फोहर उठ्ने कार्य सुरु हुन्छ ।”

# विश्वविद्यालयले भूल स्वीकारेपछि जनमतले १८ दिनपछि खोल्यो ताला




**दैनिक समाचारदाता**
**राजविराज, २५ माघ ।**

राजविराजस्थित मधेश कृषि विश्वविद्यालयमा लगाइएको ताला बिहीबार १८ दिनपछि खोलिएको छ ।

बिहीबार बिहान जिल्ला समन्वय समितिमा बसेको सर्वपक्षिय बैठकले तालाबन्दी खोलाउने निर्णय गरेपछि जनमत पार्टीका जिल्ला इन्चार्ज रामगमन साहले विश्वविद्यालयको मुल गेटमा लगाइएको ताला खोलेका थिए ।

जनमत पार्टीका जिल्ला इन्चार्ज साहले कृषि विश्वविद्यालयको कमिकमजोरीका कारण भएको तालाबन्दी र माघ ८ गते भएको घटनाप्रति भूल स्वकीकार गर्दै यस्तो घटना आगामी दिनमा नहुने भनेपछि तालाबन्दी खोलिएको बताए ।

यस्तै नेकपा एकीकृत समाजवादीका जिल्ला अध्यक्ष प्रतापनारायण चौधरीले जनमत पार्टीले ७ बुँदे माग राखी गरेको तालाबन्दी विषयमा एक महिनाभित्र ती मागहरु सर्वपक्षिय रुपमा अध्ययन गरेर अगाडी बढ्ने प्रतिबद्धता जनाइएपछि तालाबन्दी खोलिएको जानकारी दिए । उनले विश्वविद्यालय भवनको शिलान्यासका क्रमम भएको दुखद घटना आगामी दिनमा नदोहरिने प्रतिबद्धता समेत जनाइएको बताए ।

नेपाली काँग्रेसका सभापति रामदेव साहको अध्यक्षतमा सम्पन्न सर्वपक्षिय बैठकमा जिल्ला समन्वय समितिका सभापति शिवनारायण साह, प्रमुख जिल्ला अधिकारी किरण थापा, नेकपा माओवादी केन्द्रका केन्द्रिय सदस्य अशोक कुमार मण्डल, नेकपा एमालेका सचिव देवनाथ यादव, नेकपा एकीकृतका अध्यक्ष प्रताप नारायण चौधरी, जसपा अध्यक्ष केदार यादव, लोसपाका अध्यक्ष सुनिल कुमार झा, जनमतका जिल्ला इन्चार्ज रामगमन साह, राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष अरुण कुमार देव, राप्रपाका सहसचिव सुरेश कुमार साह, प्रहरी उपरिक्षक गजुसिद्धि बज्राचार्य, राष्ट्रिय अनुसन्धानका प्रमुख सुरेन्द्र

*बाँकी अन्तिम पृष्ठमा*

चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्यावाट बच्न

- चिसोमा न्यानो कपडा लगाएर मात्र बाहिर निस्कौं,
- धुम्रपान, मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा सकेसम्म नखाऔं,
- शारिरीक व्यायमलाई निरन्तरता दिऔं,
- दम, हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गरौं,

जाडोको जोखिमबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### जनताले पाउने सबै अधिकारलाई सुनिश्चित गर्नेतर्फ ध्यान केन्द्रित गर

मधेशका अधिकांश स्थानीय तह राजनीतिको अखाडा बन्दै गएको छ। ती पालिकाहरुमा विगत भन्दा बढी जालझेल बढ्दै गएको हो। पालिकाहरुमा प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्षबीच अधिकार प्रत्याजोनका लागि एक प्रकारको द्वन्द नै चलिरहेको छ। यस बाहेक जनप्रतिनिधि र कर्मचारीहरुबीच पनि आन्तरिक द्वन्दले सीमा नै नाघिसकेको छ। चाहे त्यो बजेट बिनियोजनको सवालमा होस् वा विकासीय योजनाहरु बाँडफाँडको विषयमा होस्। कोही एक मत हुन सकिरहेका छैनन्। जसले गर्दा जनताको चाहना अनुरुप कुनै कार्य अघि बढ्न सकेको छन्।

यता सप्तरी पनि त्यस्ता विषयमा पछाडी छैन्। सप्तरीमा पनि यस्ता आन्तरिक द्वन्द प्रस्टफुटन भइरहेको छ। यहाँका अधिकांश पालिकाहरुमा यस्ता द्वन्दले सतह नै नाघिसकेको छ। राजविराज नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, विष्णुपुर गाउँपालिका, तिरहुत गाउँपालिका, राजगढ गाउँपालिका, रुपनी गाउँपालिका, कंचनरुप नगरपालिका, डाक्नेश्वरी नगरपालिका, शम्भुनाथ नगरपालिका पनि यसको चपेटमा छ। यी पालिकाहरुमा कतै प्रमुख र प्रशासकीय अधिकृतबीच त कतै प्रमुख र उपप्रमुखबीच त कतै जनप्रतिनिधि र कर्मचारीबीचको किचलोले जनताको आधारभुत सेवादेखी विकासीय कार्य समेत प्रभावित भइरहेको छ। यसमा सबै भन्दा बढी प्रमुख प्रशासीयक अधिकृतलाई आफ्नो कार्यकाल पुरा नगरि अन्य पालिका वा स्थानमा सरुवा हुनु परेको छ। यसको कारण जनप्रतिनिधिहरुको हिसाबले काम नगर्नु हो। जनप्रतिनिधिहरुको हिसाबले काम गर्ने अधिकृत पालिकामा टिक्न सक्छन होइन् भने उनीहरुले आफ्नो सरुवा नै गर्नुपर्ने बाध्यता रहेको छ।

यसरी मुलुकमा संघीय गणतन्त्रको आएको ८ वर्ष बितिसक्दा पनि स्थानीय पालिकाहरुमा अहिले पनि हैकमवादी प्रवृती हावी हुँदै गएको छ। यसले के बुझ्न सकिन्छ भने आफ्नो अनुकुलको निर्णयमा सबै ठीक र अनुकुल विपरीत गएमा द्वन्द र सरुवा हुनुपर्ने अवस्था छ। यति मात्र नभएर केही स्थानीय तहकै कर्मचारीको हेपाहा प्रवृतीले संघीय कर्मचारीहरु चेपुवामा पर्ने गरेका छन्। तसर्थ संघीय राज्यको परिकल्पना साकार गर्न स्थानीय तहहरुले आफ्नो जिम्मेवारी बोध गर्नु आवश्यक छ। यसका लागि जनतासँग सरोकार राख्ने सबै विषयमा जनप्रतिनिधिहरु गम्भिर भई आन्तरिक सबैखाले द्वन्दलाई निरुपम गरि जनताले पाउने सबै अधिकारलाई सुनिश्चित गर्नेतर्फ ध्यान केन्द्रित गरि अग्रसर हुनु नै सकारात्मक पक्ष हुनेछ।

# मन्त्रीहरूलाई प्रधानमन्त्रीको निर्देशन : मुख्यमन्त्रीहरूको चासोलाई सम्बोधन गर्नुस्

काठमाडौं, २५ माघ (रासस)।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सङ्घीयता कार्यान्वयनको सवालमा प्रदेश सरकारका मुख्यमन्त्रीहरूले व्यक्त गर्नुभएको भावना यथाशीघ्र सम्बोधन गर्न सङ्घीय सरकारका मन्त्रीहरूलाई निर्देशन दिनुएको छ।

प्रधानमन्त्री दाहालको अध्यक्षतामा सिंहदरबारमा बिहीबार उहाँसहित मन्त्रिपरिषद्का सदस्यहरुसँग सातै प्रदेशका मुख्यमन्त्रीको बैठक बसेको थियो। सो अवसरमा प्रधानमन्त्री दाहालले भन्नुभयो, "सङ्घीयताको सुदृढ कार्यान्वयन हामी सबैको साझा जिम्मेवारी हो। यहाँहरूले मुख्यमन्त्रीको चिन्ता र चासो बुझ्नु नै भयो। त्यसलाई गम्भीरतापूर्वक लिनुस्।" मुख्यमन्त्रीहरूको सक्रियताबाट सङ्घीयता कार्यान्वयनमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री दाहालले आफ्नो नेतृत्वको सरकारले सङ्घीयता कार्यान्वयनलाई विशेष प्राथमिकता दिएको स्पष्ट पार्नुभयो।

छलफलमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सङ्घीयता कार्यान्वयनका सन्दर्भमा प्रधानमन्त्री दहालको अग्रसरतालाई गम्भीररूपमा लिंदै सङ्घीय मन्त्री र सांसद पनि उत्तिकै जिम्मेवार हुनुपर्ने बताउनुभयो। कोरला नाका सञ्चालनमा प्रधानमन्त्री दाहालले लिनुभएको पहलका लागि धन्यवाद दिँदै उहाँले मुग्लिन-पोखरा र नारायणगढ-बुटवल सडक समयमै निर्माणका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो।

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले छिमेकी मुलुक भारतसँग जोडिएका छोटी भन्सार कार्यालय सञ्चालनका लागि अर्थ मन्त्रालयसँग आग्रह गर्नुभयो। मधेस प्रदेशमा सिँचाइ र खानेपानीको चर्को समस्या रहेको उल्लेख गर्दै उहाँले ती समस्या समाधान गर्न सङ्घीय सरकारले पहल लिनुपर्नेमा जोड दिनुभयो। मुख्यमन्त्री यादवले भन्नुभयो, "सङ्घ र प्रदेशको संयुक्त लगानीमा सिँचाइ आयोजना सञ्चालन गरौँ, तराई-मधेसमा उत्पादकत्व बढाऔँ।"

कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले सङ्घीयता कार्यान्वयनमा देखिएका ढिलासुस्तीका सम्बन्धमा समीक्षा गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। कर्णाली प्रदेशमा अझै विद्युतीकरणको समस्या रहेको, सिँचाइको भरपर्दो व्यवस्था हुन नसकेको र दूरसञ्चार सेवा कमजोर रहेको उल्लेख गर्दै उहाँले यी समस्या समाधानमा सम्बन्धित सङ्घीय मन्त्रालयले ध्यान दिनुपर्ने बताउनुभयो।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले सङ्घीयता कार्यान्वयनमा प्रधानमन्त्री दाहालले लिनुभएको पहलको सरहाना गर्दै सोहीस्तरमा सङ्घीय सरकारका मन्त्रीहरूले पनि अग्रसरता दिनुपर्ने बताउनुभयो। उहाँले सङ्घीयता लागू गर्न ढिलो हुनुमा केन्द्रिकृत मानसिकता मूलरूपमा जिम्मेवार रहेको उल्लेख गर्नुभयो। मुख्यमन्त्री शाहले भन्नुभयो, "प्रधानमन्त्रीज्यूको भारत भ्रमणका क्रममा सुदूरपश्चिमको विकासमा महत्वपूर्ण सम्झौता भएका छन्। यो सरकारको पालामा नै सुदूरपश्चिमको विकास प्राथमिकतामा परेको छ। म प्रधानमन्त्रीलाई धन्यवाद दिन्छु।"

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले सङ्घीय मन्त्रालयले अधिकार छिटो हस्तान्तरण गर्नुपर्नेमा जोड दिँदै भन्नुभयो, "कानुन बनाएर दिनुपर्ने अधिकारका लागि समय लाग्ला। तर, निर्णय गरेर दिनुपर्ने अधिकारमा ढिलाइ गर्नुभएन।" उहाँले सङ्घीयता कार्यान्वयनमा कर्मचारी प्रशासनले एकात्मक मानसिकता त्याग्नुपर्नेमा जोड दिनुभयो।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले सङ्घीयता कार्यान्वयनमा प्रधानमन्त्री दाहालले देखाउनुभएको सक्रियतालाई सङ्घीय मन्त्रीहरूले पनि अनुशरण गर्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "सङ्घीयता हामीले नै ल्याएको हो, कार्यान्वयनमा पनि हामीले नै अपनत्व लिनुपर्छ। संविधान निर्माण गर्ने शक्तिहरू नै सङ्घीयता कार्यान्वयनमा लाग्नुपर्छ।"

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले सङ्घीयता कार्यान्वयनमा प्रधानमन्त्री दाहालको भावना मन्त्रीहरूले पनि बुझ्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "सङ्घीयता कार्यान्वयनमा सङ्घीय मन्त्रीज्यूहरूको 'रिपोर्ट कार्ड' जान्न चाहेका छौँ। सङ्घीय मन्त्रीहरूले तल हस्तान्तरण गर्नुपर्ने अधिकारमा ढिलाइ नगर्नुस्।"

# नक्कली नेपाली नोट कारोबार गर्ने गिरोहका नाइकेसहित पाँचजना पक्राउ

बारा, २५ माघ (रासस)।

नक्कली नेपाली नोट कारोबार गर्ने गिरोहका नाइकेसहित पक्राउ गरेका पाँचजनालाई बारा प्रहरीले सार्वजनिक गरेको छ। जिल्ला प्रहरी कार्यालयमा पत्रकार सम्मेलन गरी ती व्यक्तिलाई बिहीबार प्रहरीले सार्वजनिक गरेको हो।

पक्राउ पर्नेमा जिल्ला सर्लाही चन्द्रनगर गाउँपालिका-३ बस्ने वर्ष ४४ का रामचन्द्र महतो कोइरी, जिल्ला बारा परवानीपुर गाउँपालिका-५ बस्ने सुमित साह, सोही ठाउँ बस्ने सन्तोष पटेल, जिल्ला पर्सा वीरगञ्ज महानगरपालिका-१० बस्ने विशालकुमार श्रीवास्तव र निजको सालो सोही ठाउँ बस्ने नीरज श्रीवास्तव रहेको प्रहरी प्रवक्ता दधिराम न्यौपानेले जानकारी दिनुभयो।

जीतपुर सिमरा उपमहानगरपालिका-७ जीतपुर बजारमा नक्कली नोटको कारोबार भइरहेको सूचनाका आधारमा तत्कालै प्रहरीको टोली परिचालन गरी एकजनालाई नक्कली नोटसहित पक्राउ गरेपछि निजको बयानका आधारमा जिल्लाको विभिन्न ठाउँ र अन्य ठाउँबाट गरी चार जनालाई पक्राउ गरिएको प्रहरी उपरीक्षक सुरेश काफ्लेले जानकारी दिनुभयो।

पक्राउ परेका व्यक्तिबाट ६१ हजार नक्कली नेपाली नोट, भारतीय सिमकार्डसहित सात थान मोबाइलसमेत बरामद गरिएको प्रहरी प्रवक्ता न्यौपानेले बताउनुभयो। पाँच तहमा नक्कली नोटको कारोबार भइरहेको जानकारी भएपछि प्रथम, दोस्रो, तेस्रो र चौथो तहसम्मका व्यक्तिलाई यो नक्कली नोट प्रकरणमा पक्राउ गर्न सफल भएको र चाँडै नै पाँचौं तहका व्यक्तिलाई पक्राउ गर्ने प्रहरी उपरीक्षक काफ्लेले जानकारी दिनुभयो।

तीन लाख नक्कली नेपाली नोट लिनका लागि एक लाख सक्कली नेपाली नोट दिनुपर्ने पक्राउ परेका व्यक्तिको अनुसन्धानबाट खुल्न आएको प्रहरी उपरीक्षक काफ्लेले जानकारी दिनुभयो। नक्कली नोट कारोबार गरेबापतमा पाँच प्रतिशतसम्मको कमिसन दिने गरेको अनुसन्धानबाट खुल्न आएको उहाँले सुनाउनुभयो। नक्कली नोटको कारोबार गर्ने व्यक्ति खासगरी भीडभाड, किराना पसल, मासु पसल, तरकारी बजार, गाउँघरमा भैंसी, खसी खरिद गर्ने, ज्याला मजदुरी दिने काममा नक्कली पैसा प्रयोग गर्ने गरेको प्रहरी उपरीक्षक काफ्लेले बताउनुभयो।

भारतमा नक्कली रुपैयाँ छापेर नेपालको विभिन्न ठाउँमा कारोबार गर्ने गरेको हुँदा भारतीय प्रहरीहरूसँग पनि समन्वय, सहकार्य गरेर पैसा छाप्ने सञ्जालसम्म पुग्ने उपरीक्षक काफ्लेले दाबी गर्नुभयो। वीरगञ्ज महानगरपालिका-१० बस्ने विशालकुमार श्रीवास्तव नक्कली नेपाली नोटलाई नेपालमा साटासाट गर्ने गराउने नाइकेको रूपमा काम गर्दै आएको प्रहरी उपरीक्षक काफ्लेले जानकारी दिनुभयो।

# सात महिनामा साइबर अपराधका १३ हजार तीन सय ३० उजुरी

काठमाडौं, २५ माघ (रासस)।

चालु आर्थिक वर्षको साउनदेखि माघ २३ गतेसम्म साइबर अपराधसम्बन्धी १३ हजार तीन सय ३० वटा निवेदन प्रहरीमा दर्ता भएका छन्। तीमध्ये सामाजिक सञ्जालसम्बन्धी ११ हजार चार सय २५ वटा र सूचना प्रविधिसँग सम्बन्धित वित्तीय अपराध एक हजार नौ सय पाँच वटा रहेका छन्। साइबर अपराधमा मुद्दा चलेकामध्ये हालसम्म ५१ जनालाई पक्राउ गरिएको छ।

नग्न तस्बिरमा व्यक्तिको मुहार जोडी विभिन्न सामाजिक सञ्जालमा राख्ने, अश्लील तस्बिर तथा भिडियो सामाजिक सञ्जालमा प्रकाशित गर्ने, अरूको सूचना आफ्नो नियन्त्रणमा लिई फिरौती माग गर्ने, सामाजिक सञ्जालमा अन्य व्यक्तिको नाम तथा तस्बिर प्रयोग गरी प्रोफाइल पेज खोलेर बेइज्जत गर्ने सरकारी तथा अन्य सङ्घसंस्थाको वेबसाइट ह्याक गर्ने र अनलाइन ठगी गर्नेजस्ता प्रवृत्ति साइबर अपराधमा पाइएको प्रहरीले जनाएको छ।

बाँकी तीन पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# अरुको नागरिकतामा आफ्नो फोटो टाँसेर ठगी गर्ने पक्राउ

काठमाडौँ, २५ माघ (रासस)।

अरुको नागरिकतामा फोटो टाँसेर ठगी गर्ने तीनजनालाई प्रहरीले पक्राउ गरेको छ। उनीहरुले अर्काको नागरिकतामा आफ्नो फोटो टाँसेर कन्सल्टेन्सी सञ्चालन गरी बैदेशिक रोजगारीमा पठाउने बहानामा रकम असुल्दै आएका थिए।

पक्राउपर्नेमा सर्लाहीको हरिवन नगरपालिका घर भई ललितपुर बस्दै आएका पक्राउ पर्नेमा सरोज यादव, सर्लाहीका रामेश्वर सिंह र धनुषाका रामसेवक सिंह रहेका छन्। उनीहरुले ५५ जनालाई बैदेशिक रोजगारीका लागि युरोप पठाइदिने भन्दै प्रतिव्यक्ति रु सात लाखका दरले रकम असुल्दै आएका पाइएको छ। मासिक रु एक लाख ५५ हजार तलब पाइने भन्दै तीनैजनाले पीडितबाट रु ६३ लाख ठगी गरेको पाइएको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक मिलन केसीले जानकारी दिनुभयो।

रकम लिएपछि सम्पर्कविहीन भएको भनी परेको जाहेरीका आधारमा खोजतलास गर्ने क्रममा तीनैजनालाई यही माघ २३ गते साँझ ललितपुरबाट पक्राउ गरी प्रहरीले बुधबार सार्वजनिक गरेको हो। अनुसन्धानका क्रममा रामेश्वर सिंह बजाज ओभरसिसमा २०७४ सालदेखि कर्मचारीको रुपमा एक वर्ष काम गरी बैदेशिक रोजगारीसम्बन्धी काम सिकेर भेरी ओभरसिज किनेर सञ्चालन गरेकामा दुई सय जनाबाट रु तीन करोड ठगी गरेर एक वर्ष ६ महिना जेल सजाय भोगेको पाइएको छ। उनले भेरी ओभरसिजमा विदेश जान पेस गरेकामा सरोज यादव, नागेन्द्र यादव र गुरुदेव यादवको नागरिकताको प्रमाणप्रत्रमा आफ्नो ज्वाइँ नातापर्ने रामसेवक सिंहको फोटो टाँसी विराट कन्सलटेन्सी विर्तामोड, गडीमाई कन्सलटेन्सी काठमाडौँ र कमलामाई कन्सलटेन्सी दर्ता गरी ४८ जनाबाट रोमानिया, जर्मनी, अफगानिस्तान र क्रोएसिया पठाउने भनी प्रतिव्यक्ति रु सात लाखसम्म रकम उठाएको पाइएको प्रहरीले जनाएको छ।

सरोज यादव, नागेन्द्र यादव र गुरुदेव यादवको नाममा कुमारी बैंक, एनआइसी एसिया बैंक र कामना विकाश बैंकमा खाता खोली कारोबार रामसेवक सिंहबाट गर्ने गरेको पाइएको छ। सरोज यादव, नागेन्द्र यादव र गुरुदेव यादव धनुषामै रहेका र उनीहरुलाई आफ्नो नागरिकता दुरुपयोग भई धेरै व्यक्ति ठगिएको बारेमा जानकारी नभएको प्रहरी उपरीक्षक केसीले बताउनुभयो। पीडितहरुले सरोज यादव, नागेन्द्र यादवका विरुद्धमा वैदेशिक रोजगार विभागमा जाहेरी दिएकामा यस कार्यालयबाट निजहरुलाई खोज्ने क्रममा अनुसन्धान गर्दै जाँदा ठगी कार्यमा रामेश्वर सिंहले आफ्नो ज्वाइँ नाता पर्ने रामसेवक सिंहको फोटो टाँसी उल्लेखित व्यक्तिको नागरिकता दुरुपयोग गरेको खुल्न आएको छ।

रामेश्वर सिंहलाई २०७४ सालमा ठगी मुद्दामा एक वर्ष ६ महिना कैद भएको, २०७८ सालमा ठगी मुद्दामा फरार रहेको, २०७९ सालमा सिन्धुलीमा लागुऔषध मुद्दा चली २४ दिन कैद र रु दुई हजार जरिवाना भोगेको पाइएको छ। उनीहरुको साथबाट विभिन्न व्यक्तिको नाममा काटिएको रु ६० लाख बराबरको २५ थान चेक र नौ सिमकार्ड फेला परेको छ। तीनैजनामाथि ठगी, कीर्ते जालसाजी, बैंकिङ कसुरलगायत अपराधमा अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक केसीले जानकारी दिनुभयो।

---

## सात महिनामा...

नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले सूचना प्रविधिको विकास र प्रयोगसँगै देखिने यस्ता प्रवृत्ति र अपराधका नयाँ शैलीले साइबर अपराध अनुसन्धान कार्यलाई चुनौती थपेको बताउनुभएको छ।

सात महिनाको अवधिमा दर्ता भएका निवेदनमध्ये सामाजिक सञ्जालतर्फ फेसबुक म्यासेन्जरको दुरूपयोगका नौ हजार तीन सय ५० वटा, भाइबरका १६ वटा, इमोका छ वटा, युट्यबका ३९ वटा, ट्वीटरका छ वटा, इन्स्ट्राग्रामका चार सय ३२ वटा, वेबसाइट ह्याकिङका छ वटा, टिकटकका छ सय ६७ वटा, इमेलका ८० वटा, ई-सेवाका एक सय ९० वटा र अन्य साइबर अवराधतर्फ एक सय १८ वटा रहेका छन्।

यसैगरी, सूचना प्रविधिसँग सम्बन्धित वित्तीय अपराध सामाजिक सञ्जाल ह्याकका चार सय तीन वटा, उपहार र पैसा पठाएकोसम्बन्धी दुई सय ६४ वटा, लट्री परेको प्रलोभन देखाइ ठगी गरेका ३३ वटा, वैदेशिक रोजगारको प्रलोभनका ३८ वटा, अनलाइन जागिर कोठा खोजी दिनेतर्फ ३५ वटा, बैंक तथा वालेट अफिसबाट बोलेको भनेर एकाउन्ट ह्याकका एक सय ५२ वटा, मास्टर कार्डरमनी एक्सचेञ्जसमेत ६१ वटा, भिडियो सेयरिङ र ब्ल्याकमेलिङका ३५ वटा, क्रिप्टोसँग सम्बन्धित ९५ वटा, अनलाइन सपिङका चार सय ६० वटा, सामाजिक सञ्जाल फेक आइडि ६७ वटा र अन्य साइबर अपराधमा दुई सय ६२ वटा उजरी परेका छन्।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**

**राजगढ गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**

**तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**


# विश्व समाचार

## हाम्रो सम्बन्ध रगतले बाँधिएको छ : विदेश मन्त्री महमुद

नयाँदिल्ली, २५ माघ (रासस/एएनआई)।

हाल भारतको आधिकारिक भ्रमणमा रहेका बङ्गलादेशका विदेश मन्त्री हसन महमुदले भारत नजिकको छिमेकी भएको उल्लेख गर्दै आफुहरुको सम्बन्ध रगतले बाँधिएको बताउनुभएको छ।

एएनआईसँग कुरा गर्दै विदेशमन्त्री महमुदले भारत बङ्गलादेशको छिमेकी मात्र नभई बङ्गलादेशको स्वतन्त्रता युद्धमा पनि महत्वपूर्ण सहयोगी भूमिका खेलेको कुरामा जोड दिनु भएको छ।

महमुदले बङ्गलादेशकी प्रधानमन्त्री शेख हसिनाले चुनाव पछि भारत भ्रमण गर्ने बताउदै भारत-बङ्गलादेशका समस्याको विस्तृत श्रृंखला रहेको बताउनुभयो। बङ्गलादेशको स्वतन्त्रता र स्वाधिनता प्राप्तिको आन्दोलनमा भारतीय जनता तथा सेनाले आफ्नो रगत बगाएकाले दुई राष्ट्रबीचको सम्बन्ध रगतले बाँधिएको बताउनुभएको छ।

आफ्ना भारतीय समकक्षी जयशङ्करसँगको भेटमा बङ्गलादेशका विदेशमन्त्रीले सीमापार मुद्दा, शक्ति साझेदारी, समन्वयलगायतका सबै मुद्दामा छलफल गरेको एएनआईलाई बताउनुभयो।

यसअघि, बङ्गलादेशका विदेश मन्त्री महमूदले आफ्नो भारत भ्रमणले दुई देशबीचको सम्बन्धलाई बलियो बनाउन योगदान पुर्‍याउने बताउनुभएको थियो।

एएनआईसँग कुरा गर्दै महमुदले बङ्गलादेश र भारत दुई भाइचारा देशबीच राम्रो सम्बन्ध रहेको बताउनुभयो। बङ्गलादेश वा भारतीय मन्त्रीको बङ्गलादेशको कुनै पनि भ्रमणले द्विपक्षिय सम्बन्धलाई बलियो बनाउने उहाँको भनाइ रहेको छ।

विदेश मन्त्री महमुदले राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँग पनि भेटवार्ता गर्नुभएको थियो।

दुई नेताहरूले सुरक्षा सुनिश्चित गरी बाहिरी स्थिरतासमेत कायम गर्न क्षेत्रीय सहयोग बढाउनका लागि मार्ग खोज्न छलफल भएको छ।

प्रधानमन्त्रीका रूपमा लगातार चौथो कार्यकाल सुरक्षित गर्दै शेख हसिनाको ऐतिहासिक विजय प्राप्त गरेपछि बङ्गलादेशको नयाँ सरकारमा शपथ लिएपछि महमुदको यो पहिलो विदेश भ्रमण हो।

## विलियम्सनद्वारा आफ्नो अभियान अन्त्य गरेको घोषणा

वासिङ्टन, २५ माघ (रासस/एएफपी)।

अमेरिकी लेखिका मारिअन विलियम्सनले आफ्नो सन् २०२४ को राष्ट्रपतीय निर्वाचन अभियान अन्त्य गर्नुभएको छ।

डेमोक्र्याट सांसद विलियम्सनले युट्युब भिडियोमार्फत् आफ्नो पछिल्लो धारणा व्यक्त गर्दै भन्नुभएको छ, "राष्ट्रपतिका लागि मेरो अभियान स्थगित गर्ने समय आएको छ।"

विलियम्सनको बहिर्गमनसँगै अमेरिकी सांसद डीन फिलिप्स डेमोक्र्याटिक पार्टीको तर्फबाट वर्तमान राष्ट्रपति जो बाइडेनका लागि एक मात्र प्रतिद्वन्द्वी बन्नुभएको छ। उहाँले न्यू ह्याम्पसायर र नेभाडा प्राइमरीमा सहज जित हासिल गरिसक्नुभएको छ।

अमेरिकाका पूर्वराष्ट्रपति तथा रिपब्लिकन पार्टीका नेता डोनाल्ड ट्रम्पले रिपब्लिकन पार्टीको आयोवा ककस र न्यू ह्याम्पसायरको प्राइमरीमा विजय हासिल गर्नुभएको छ।

अमेरिकी राष्ट्रपतिको प्राइमरी निर्वाचन जुन महिनासम्म चल्नेछ। डेलिगेट्सले आधिकारिक रूपमा पार्टीको राष्ट्रपति पदका उम्मेदवार चयन गर्ने रिपब्लिकन नेशनल कन्भेन्सन जुलाईमा हुनेछ भने डेमोक्रेटिक नेशनल कन्भेन्सन अगस्टमा हुनेछ।

दुवै दलबाट निर्वाचित नेता सन् २०२४ नोभेम्बर ५ मा हुने अमेरिकी राष्ट्रपतिको निर्वाचनका लागि योग्य हुनेछन्।

## माल्दिभ्स सङ्कटसहित उच्च ऋण जोखिममा छ : आईएमएफ

माल्दिभ्स, २५ माघ (रासस/एएनआई)।

बढ्दो वित्तीय घाटा र सार्वजनिक ऋणको बिचमा माल्दिभ्स ऋण सङ्टको उच्च जोखिममा रहेको अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले जनाएको छ।

पियापोर्न सोड्स्रीविबुनको नेतृत्वमा आईएमएफको टोलीले हालैको आर्थिक घटनाक्रम र देशको नीतिगत प्राथमिकताहरूबारे छलफल गर्न जनवरी २३ देखि फेब्रुअरी छसम्म माले भ्रमण गरेपछि रिपोर्ट सार्वजनिक गरेको हो।

माल्दिभ्सको अर्थतन्त्र सन् २०२२ मा १३.९ प्रतिशतले विस्तार भएको र सन् २०२३ मा ४.४ प्रतिशतले बढ्ने अनुमान गरिएको छ।

सन् २०२४ मा पर्यटक आवागमन वृद्धि भई ५.२ प्रतिशत पुग्ने अपेक्षा गरिएको प्रतिवेदनमा उल्लेख गरिएको छ।

विश्वव्यापी वित्तीय एजेन्सीले इन्धनको बढ्दो मूल्य तथा व्यापक आयात मागको बिचमा सन् २०२४ मा ठुलो घाटा रहने अनुमान गरेको छ।

महत्वपूर्ण नीतिगत परिवर्तन नभएसम्म वित्तीय घाटा र सार्वजनिक ऋण निरन्तर बढ्ने अनुमान गरिएको छ।

बाढी तथा बढ्दो समुद्री सतहका कारण माल्दिभ्स गम्भीर आर्थिक लागतका जलवायु परिवर्तनको अत्यधिक जोखिममा रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ।

आइएमएफका अनुसार सङ्कट कम गर्न, सार्वजनिक वित्त तथा ऋणको दिगोपन पुन: स्थापना गर्न कडा मौद्रिक र विवेकपूर्ण नीतिसहित दिगो वित्तीय सुदृढीकरण आवश्यक छ।

ग्लोबल फाइनान्सियल एजेन्सीले जलवायु अनुकुलन प्रयासहरूलाई समर्थन गर्न संस्थालाई बलियो बनाउन सुझाव दिएको छ। जसले अतिरिक्त जलवायु वित्तपोषणमा पहुँच वृद्धि गरी जलवायुसम्बन्धी प्रतिबद्धताहरू पूरा गर्न मद्दत गर्ने एजेन्सीले जनाएको छ।

# विद्यालय व्यवस्थापन समिति गठन गर्नु पर्ने माग



**दैनिक समाचारदाता**
**राजविराज, २५ माघ ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ७ बभनगामा कट्टीस्थित श्री लक्ष्मी बल्लब नरसिङ माध्यमिक विद्यालयमा व्यवस्थापन समिति गठन गर्नु पर्ने माग गरिएको छ।

बि.स. २००६ सालमा स्थापना भएको उक्त बिद्यालयमा देखिएको समस्या समाधान तथा व्यवस्थापन समिति गठनको विषयमा बिहीबार आयोजना गरिएको अभिभावक, दाता, जनप्रतिनिधि तथा स्थानीय बुद्धिजिबिहरुको बृहत भेलामा यस्तो माग गरिएको हो ।

भेलामा सहभागि अधिकांश वक्ताले इतिहास बोकेको विद्यालयले उचित व्यवस्थापनको अभावमा बिभिन्न समस्या भोलिरहेको भन्दै तत्काल समस्याको समाधान तथा व्यवस्थापन समितिको गठन हुनु पर्ने आबश्यकता औल्याए ।

भेलामा सोही विद्यालयका पूर्वविद्यार्थी समाजसेवी बिनयप्रताप सिंह गुडुले विद्यालयमा देखिएका समस्या प्रति चिन्ता व्यक्त गर्दै समाधानका लागि तत्काल व्यवस्थापन समितिको गठन तथा हालसम्मको आय-व्यय, शैक्षिक गतिविधि र अवस्था सार्वजनिक गर्नुपर्ने माग गरे ।

अभिभावक जिवछ यादवले विद्यालयको शैक्षिक स्तर उकास्न तथा दयनिय अवस्थाबाट पार लगाउनु पहिला भित्रैबाट सुधार थाल्नु पर्ने बताए ।

विद्यालयका प्रधानाध्यापक विपिन भाले विद्यालयमा सुधारका लागि आफूले निकै पहल गरेको दाबी गर्दै सबैको साथ र सहयोग भने पाउन नसकेको लाचारी व्यक्त गरे । विद्यालय व्यवस्थापन समितिको गठन सर्वसम्मतीले गर्दा उपयुक्त हुने ठानेर निकै प्रयास गरेपनि सफल नहुँदा गठनमा ढिलाई भएको उनले बताए ।

विद्यालयका निरिक्षाक कृष्णकुमार यादवको अध्यक्षता तथा वडा अध्यक्ष हरिनारायण मण्डलको प्रमुख आतिथ्यमा आयोजित भेलामा नरेन्द्र सिंह, अम्बुज सिंह, बेदानन्द मण्डललगायतले पनि बोल्दै गौरवमय इतिहास बोकेको शैक्षिक स्तरमा बृद्धि तथा सुधारका लागि अघि बढ्नु पर्नेमा जोड दिँदै यसका लागि अभिभावक समेतले जाँगर देखाउनु पर्ने सुभाव समेत दिए ।

यसैबीच उक्त भेलाले आगामी फागुन भित्रै व्यवस्थापन समितिको निर्वाचन प्रक्रिया अघि बढाउने निर्णय गरेको सो विद्यालयले जनाएको छ ।

# जसपाको श्रमिक सचेतना अभियान जारी

काठमाडौँ, २५ माघ (रासस) ।

जनता समाजवादी पार्टी (जसपा) नेपालले वैदेशिक रोजगारसँग सम्बन्धित बिषयमा सचेतना अभियान सुरु गरेको छ ।

जसपाले वैदेशिक रोजगारसँग जोडिएका समग्र विषयमा नागरिकलाई जानकारी दिने तथा अन्यायमा परेकाहरुलाई आवश्यक परामर्श प्रदान गरी न्याय दिलाउने उद्देश्यले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरबाट यस्तो सचेतना अभियान सुरु गरेको हो ।

वैदेशिक रोजगारीमा जाने नागरिकका लागि आवश्यक विषयमा जानकारी दिने र यसबाट उनीहरु ठगिनबाट बच्ने भएकाले यो अभियान थालिएको सो पार्टीका प्रचारप्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतले राससलाई जानकारी दिनुभयो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयबाट अनुमति लिएर सो पार्टीले गत पुस २८ गतेदेखि हरेक शनिबार यो सचेतना कार्यक्रम गरिरहेको छ । यो अभियान आगामी चैत मसान्तसम्म सञ्चालन हुने जानकारी पनि उहाँले दिनुभयो ।

सो पार्टीको भ्रातृ सङ्गठन स्वतन्त्र वैदेशिक स्वरोजार श्रमिक सङ्घको केन्द्रीय समितिको आयोजनामा उक्त सचेतना कार्यक्रम भइरहेको सो पार्टीले जनाएको छ ।

वैदेशिक रोजगारीमा जाने नेपाली नागरिक ठगिने गरेका, उनीहरुलाई त्यहाँ पुग्दा आवश्यकपर्ने तालिम या अन्य परामर्श पनि दिने नगरिएको एवं रोजगारीका लागि बिदेश जाने नागरिकलाई बिमानस्थलको अध्यागमनमा पनि दुःख दिने गरिएको समाचारहरु निकै आएपछि पार्टीले यो अभियान थालेको हो ।

# चाँदीका समानसहित एक भारतीय पक्राउ



**दैनिक समाचारदाता**
**मोरङ, २५ माघ ।**

मोरङको रङगेली नगरपालिका ७ कालीमन्दिर चोकबाट साँढे दुई केजी भन्दा बढीको चाँदीका सर-समानसहित एक भारतीय नागरिक पक्राउ परेका छन् ।

अबैध रुपमा चाँदीका समानहरुको ओसार पसार भईरहेको भन्ने बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय रङगेलीबाट खटिएको प्रहरी टोलीले बिहीबार बिहान भारत अररिया आमगाछी पञ्चायत १३ का २२ बर्षीय मोहमद अलताफलाई पक्राउ गरेको हो ।

अलताफको साथबाट प्रहरीले चाँदीको पाउजु ६९ जोडी, चाँदीको लोटा २५ थान, चाँदीको कलस ६ थान गरी जम्मा २ के.जी.५४८ ग्राम चाँदी प्रहरीले बरामद गरेको हो ।

अबैध रुपमा लुकाई छिपाई बोकेको चाँदीका समान सहित पक्राउ परेका उनको सम्बन्धमा थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय रङगेलीले जनाएको छ ।

# बसको ठक्करबाट युवकको मृत्यु

धनुषा, २५ माघ (रासस) ।

धनुषामा विद्यालयको बसको ठक्करबाट एक युवकको मृत्यु भएको छ । जनकपुरधाम उपमहागनरपालिका-२३ बेलापुरस्थित जनकपुरधामको श्रीराम स्कूलको बसले बिहीबार ठक्कर दिँदा एक भारतीय नागरिकको ज्यान गएको हो ।

धनुषाका प्रहरी उपरीक्षक मित्रबन्धु शर्माका अनुसार बा२प ७६० नं को बसले साइकल यात्री भारतको मधुवनी जिल्लाका हाल जनकपुरमा ससुरालीमा बस्दै आएका २७ वर्षीय ममताज कवारीलाई ठक्कर दिएको हो । ठक्करबाट गम्भिर घाइते उनको प्रादेशिक अस्पताल जनकपुरधाम लैजाँदा बाटोमै मृत्यु भएको हो ।

बस चालक महोत्तरीको रामगोपालपुर नगरपालिका-५ का रामजस मण्डललाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

## *विश्वविद्यालयले भूल...*

कोइराला लगायतको सहभागिता थियो ।

गत माघ ७ गते जनमत पार्टी सप्तरीका इन्चार्ज रामगमन साहको नेतृत्वको टोलीले विश्वविद्यालयमा दलिय तानाशाही हावी भएको, विश्व विद्यालयको डिपिआरमा भ्रष्टाचार भएको, परिक्षा बोर्ड बिनै परिक्षा लिइएको तथा विश्व विद्यालयका सहकुलपतिलाई कुनै जानकारी नै नदिई बिश्व बिद्यालयको शिलान्यासको कार्यक्रम राखेको भन्दै त्यसको बिरोधमा तालाबन्दी गरेको थियो ।

यसअघि मंगलबार विश्वविद्यालयका रजिष्टार डा. भगवान ठाकुरले एक अनुरोध पत्र जारि गर्दै सौहाद्रपुर्ण वातावरण सृजना तथा वार्ता र सम्वाद मार्फत समस्याको समाधानका लागी तालाबन्दी खुलाउन वार्ता र छलफलका लागि सम्बन्धीत सरोकारवालासँग आग्रह गरेका थिए ।

तालाबन्दीका कारण पठन-पाठन प्रभावित बन्न पुगेको, फर्म रजिष्ट्रेशन, नयाँ भर्ना लगायतका कामका साथै विश्वविद्यालयको दैनिक कामकाज सबै ठप्प भएको थियो ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**


**रुपनी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजबिराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*